नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्वन्धी प्रेस नोट

यस विभागबाट मिति २०८१/०६/१० गते काठमाडौं उपत्यका भित्र चाडपर्व लक्षित खाद्य पदार्थहरुको नियमित एवं संयुक्त निरीक्षण तथा अनुगमनका लागि दुई वटा अनुगमन टोली खटाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका खाद्य उद्योग एवं व्यवसायहरुको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.स. | मिति | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारवाही/कैफियत |
|---|---|---|---|---|
| १ | २०८१/०६/१० | एरपोर्ट बर्गर हाउस एण्ड थकाली किचेन प्रा. लि., एरपोर्ट, काठमाडौं | फोहोरदानी खुल्ला रहेको, फ्रिजमा पाकेको र काँचो खाद्य पदार्थ एकै ठाउँमा लेबल नलगाई भण्डारण गरेको, तार्नका लागि राखेको करिब २५ लि., तेलको TPM Value 33 आएको, खाद्य रङ्गको मापदण्ड अनुरुप प्रयोग नगरेको र Pest Control को उचित व्यवस्था नभएको । | उपोभोग्य मिति समाप्त भएका ५०० ग्रा. को ६ थान कोदोको पिठो र TPM Value बढि देखिएको तेल नष्ट गरिएको र निरीक्षणका क्रममा देखिएका कमजोरी सुधार गरि ७ दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिएको । |
| २ | २०८१/०६/१० | प्राप्ति फुड प्रडक्ट्स, सिनामंगल-९, काठमाडौं | मिति २०८१/०५/२९ गते अनुगमन निरीक्षण गर्ने क्रममा उद्योगको भण्डारण कक्षमा प्याक गरि लेबल लगाउन बाकीं रहेको १ लिटर को ३० डब्बा घ्यू, | खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ बमोजिम संकलित घ्यूको नमूनाको विश्लेषण प्रतिवेदन न्युनस्तरको पाइएकोले जिल्ला प्रशासन कार्यालयको प्रतिनिधिको |

| | | | | |
|---|---|---|---|---|
| | | | नौनी करीव ३० के जी deep freeze मा भण्डारण गरेको र करीव ५० लिटरको तयारी घ्यू भण्डारण गरिएको पाइएको र सो घ्यूको गुणस्तरमा शंका लागेकाले विक्रिवितरण नगर्न निर्देशन दिनुका साथै सो घ्यू विश्लेषण परिक्षणका लागि नमूना संकलन गरिएको सम्बन्धि अनुगमन गरिएको । | रोहवरमा नष्ट गरिएको र संचालकलाई सो सम्वन्धमा विभागमा उपस्थित हुन निर्देशन दिइएको। |
| ३ | २०८१/०६/१० | टि.थ्री.थकाली ग्रुप., सिनामंगल-९, काठमाडौं | फोहोरदानी खुल्ला रहेको, ड्रेनज तथा exhaust Fan फोहोर रहेको, स्टोरमा फोहर देखिएको, उपोभोग्य मिति समाप्त भएका कोकोनत पाउडर १ केजीको २ प्याकेट, flavoured syrup १ लि., को बोटलमा ४ वटा, गहुँको रोटि ३०० ग्रा.को २ प्याकेट, खाद्य रङ्ग १०० ग्रा.को २ डब्बा भेटिएको। स्टिक नुडल्स मसिजन्य कागजमा प्याक गरिएको र सोमा किरा देखिएको १ केजीको २३ प्याकेट र उत्पादकको नाम ठेगाना नखुलेको Keora jal १ लि., को ३ वटा बोटल फेला परेको । | स्थलगत निरीक्षणका क्रममा भेटिएका उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थ नष्ट गरिएको र कमी कमजोरी सम्बन्धि थप जानकारीका लागि संचालकलाई ७ दिन भित्र दर्ता प्रमाणपत्र सहित विभागमा उपस्थित हुन निर्देशन दिएको। |
| ४ | २०८१/०६/१० | बेकर्स बेकरी उद्योग, का.म.न.पा.-३१ बानेश्वर, काठमाडौं | सरसफाई सन्तोषजनक नरहेको, खाद्य पदार्थ मसिजन्य कागजमा राख्ने गरेको, फ्रिज तथा भण्डारण | निरीक्षणका क्रममा देखिएका कमजोरी सुधार गरि ३ दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | | कक्ष अव्यवस्थित रहेको र Pest Control को उचित व्यवस्था नभएको । | |
| ५ | २०८१/०६/१० | कोलकता स्विट्स प्रा. लि., का.म.न.पा.-३१ बानेश्वर, काठमाडौं | फ्रिजमा बिना लेबलका ढुसी परेको १ केजीको १५ प्याकेट खुवा फेला परेको। मिठाईमा तोकिए बमोजिम रङ्गको प्रयोग नगरेको पाइएको। | फ्रिजमा भेटिएको बिना लेबलका ढुसी परेको १ केजीको १५ प्याकेट खुवा नष्ट गरिनुका साथै बिना लेबल विवरणका खाद्य पदार्थको विक्री वितरण नगर्न निर्देशन दिएको। |
| ६ | २०८१/०६/१० | मिठो मसिनो थकाली रेस्टुरेन्ट प्रा. लि., मध्यपुर थिमी न.पा.-१, भक्तपुर | फ्रिजमा अव्यवस्थित तरिकाले खाद्य पदार्थ भण्डारण गर्ने गरेको । | फ्रिजमा खाद्य पदार्थ लेबल लगाएर व्यवस्थित तवरले भण्डारण गर्न निर्देशन दिएको। |
| ७ | २०८१/०६/१० | चिल हाउस प्रा. लि., मध्यपुर थिमी न.पा.-२, भक्तपुर | फ्रिजमा अव्यवस्थित तरिकाले खाद्य पदार्थ भण्डारण गर्ने गरेको र स्टोरमा लेबल विवरण नभएका खाद्य पदार्थ रहेको। | लेबल विवरण नभएका खाद्य पदार्थ फिर्ता गर्न र पूर्ण लेबल विवरण नभएका खाद्य पदार्थ प्रयोग नगर्न निर्देशन दिएको। |
| ८ | २०८१/०६/१० | सिफान स्टोर, मध्यपुर थिमी न.पा.-१, भक्तपुर | उपभोग्य मिति समाप्त भएका निम्न बमोजिमका खाद्य पदार्थ भेटिएको:<br>Sajal vegetable pickle -6 bottle (600 gm)<br>Rasna Natural Honey-2 pcs (500 gm)<br>Rasna Natural Honey-2 pcs (250 gm)<br>Century biryani masala -1 pcs (50 g)<br>Coriander Powder -1 pkt (500g)<br>Druk mixed pickle-1pkt (400gm)<br>Custard powder - 2pcs(100gm)<br>Pest Control को उचित व्यवस्था नभएको र लेबल | म्याद गुज्रेका खाद्य पदार्थ (करीव रु.२००० को) नष्ट गरिएको र कमी कमजोरी सुधार्न निर्देशन दिएको। |

| | | | | |
|---|---|---|---|---|
| | | | विवरण नभएका खाद्य पदार्थ विक्री वितरण गर्ने गरेको पाइएको । | |
| ९ | २०८१/०६/१० | जय माँ दुर्गा किराना पसल, मध्यपुर थिमी न.पा.-१, भक्तपुर | सरसफाई सन्तोषजनक नरहेको, खाद्य र अखाद्य पदार्थसंगै भण्डारण गर्ने गरेको र लेबल विवरण पूर्ण नभएका खाद्य पदार्थ विक्री वितरण गर्ने गरेको पाइएको। | निरीक्षणका क्रममा देखिएका कमजोरी सुधार गर्न निर्देशन दिएको। |

मोहन कृष्ण महर्जन
प्रवक्ता, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
२०८१/०६/१०